## राज्यकोष...

प्राकृतिक स्रोत, खासगरी ढुङ्गा, गिट्टी र बालुवा जथाभावीरुपमा उत्खनन र दोहन गर्ने कार्य नियन्त्रण गर्न जरुरी रहेको बताए । प्राकृतिक स्रोतको व्यवस्थित र दिगो उपयोग आजको आवश्यकता भएको उल्लेख गर्दै उनले यी क्षेत्रमा हुने र भइरहने अनुचित दोहन, अनियमितता र मस्यौदा उपर आयोग निर्भिक तवरले लागिपरेको बताए ।

सरकारी कोषबाट नियमित अनुदान लिई कागजी रुपमा मात्र सञ्चालन भएको देखाउने तर कार्यस्थलमा अस्तित्वसम्म नभेटिने जिकिर गर्दै प्रमुख आयुक्त राईले यस सम्बन्धि छानबिन अघि बढाएको जानकारी दिए । राजस्व चुहावट, चोरी, निकारी, पैठारी, न्यून बिजकीकरण तथा राजस्व छली नियन्त्रण गरी राजस्व प्रशासनमा सुधार गर्न उनले सुझाव दिए । प्रमुख आयुक्त राईले सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बढाउने, सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने तथा समाजमा भ्रष्टाचार विरोधी संस्कृतिको विकास गर्न सुझाव दिए ।

नेपाल भ्रष्टाचारको सूचाङ्कमा अझै जोखिमपूर्ण स्थानमा रहेको भन्दै उनले सचेतसमेत गराए । कार्यक्रममा आयोगका आयुक्त किशोरकुमार सिलवालले सूचना सञ्जालीकरण र आधुनिक प्रविधिसँगै भ्रष्टाचारको स्वरुप, तौरतरिका र आयाममा परिवर्तन भएको बताए । उनले भने, 'प्रविधिको विकाससँगै बदलिँदो भ्रष्टाचारको स्वरुप, तौरतरिका र आयाम तथा सीमाहीन अपराधका रुपमा विस्तार हुँदै गएको भ्रष्टाचार कुनै अमुक संस्था र राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रिय चासो र चुनौतीको विषय बन्न पुगेकाले नियन्त्रणमा साझा प्रतिबद्धता आवश्यक छ ।'

स्थापना दिवसका अवसरमा आयोगले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउने पत्रकार, लेखक, उत्कृष्ट अनुसन्धानकर्ता र उत्कृष्ट अख्तियार कर्मचारीलाई पुरस्कृत गरेको थियो ।

## गर्भपतनले...

अनुपातमा सन्तुलन देखिए पनि पहिलो बच्चा छोरी छ भने दोस्रो बच्चा जन्मदाको लैङ्गिक अनुपातमा असन्तुलन देखिएको छ ।

नेपालमा लैङ्गिक असन्तुलन देखिन थालेपछि स्वास्थ्य मन्त्रालयले विभेदपूर्ण लिङ्ग छनोटको अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८-२०८०) कार्यन्वयनमा ल्याएको छ । रणनीति अनुसार सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनोट गर्ने प्रवृतिको अन्त्य गरिने उल्लेख गरिएको छ । रणनीति अनुसार छोरीको महत्वलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता कायम गर्ने, छोराछोरीको समान महत्व स्थापित गर्न किशोरी एवम् महिला केन्द्रीत सामाजिक तथा आर्थिक सशक्तिकरणका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, लिङ्ग पहिचान गरी गरिने गर्भपतन विरुद्धमा सोच र व्यवहार परिवर्तन ल्याउनेजस्ता कार्यक्रम गरिने उल्लेख छ ।

यस्तै संघ प्रदेश र स्थानीय तहले लिङ्ग पहिचान गरिने गर्भपतनविरुद्ध आवश्यक नीति निर्माण गर्न र कार्यन्वयनमा ल्याउने, लिङ्ग पहिचानको आधारमा गरिने गर्भपतन गर्न चाहने दम्पती, परिवार र समाजको मान्यता र सोचमा परिवर्तन ल्याउनेछ। यस्तै रणनीतिमा छोराछोरीको समान महत्वलाई प्रवर्द्धन गर्न सामाजिक, सांस्कृतिक, परम्परा सोच, व्यवहार, मान्यता र धारणामा परिवर्तन ल्याइने, आर्थिक सशक्तिकरणका लागि उद्यम व्यवसायमा महिला र किशोरको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्ने, महिला तथा किशोरीको सामाजिक सशक्तीकरण गर्दै नेतृत्व विकासमा प्रवर्द्धन गर्नेजस्ता कुरा समेटिएको छ ।

## रेशम...

होटलमा भएको घेटघाटमा वर्तमान राजनीतिक घटनाक्रमको बारेमा छलफल भएको मुख्यमन्त्रीका सचिवालय प्रमुख रामबहादुर विष्टले बताए । शाहले मुख्यमन्त्री भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । जसका लागि २७ सांसदको समर्थन चाहिन्छ । यसअघि नेकपा (एमाले) नेतृत्वको सरकार नागरिक उन्मुक्तिले साथ नदिएपछि एक महिनामै ढलेको थियो । शाहले विश्वासको मत पाउने दाबी गरिरहेका छन् । उच्चस्तरीय भेटघाटको लागि मुख्यमन्त्री शाह काठमाडौं जाने भएका छन् । मुख्यमन्त्री शाहले नागरिक उन्मुक्ति, नेकपा (माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी) र स्वतन्त्र एक जना सांसदको समर्थन पाउने विश्वास व्यक्त गर्दै आएका छन् ।

सुदूरपश्चिम प्रदेशसभामा कांग्रेसका १९, माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका उपसभामुखबाहेक नौ, नागरिक उन्मुक्तिका सात, एकीकृत समाजवादीका चार, राप्रपाका एक र स्वतन्त्र एकजना सांसद छन् ।

# महाशिवरात्रिका लागि सिंगारिदै पशुपतिनाथ

**सौर्य समाचार**

काठमाडौं । पशुपतिनाथ क्षेत्रका विभिन्न स्थानमा महाशिवरात्रिका लागि तयारी स्वरुप झिलिमिली बनाउन थालिएको छ । महाशिवरात्रि नजिकिदै गर्दा पशुपतिनाथका विभिन्न क्षेत्रलाई अहिले रङ्गीचङ्गी पारिनुका साथै फूल तथा बिजुली बत्तीले सजाउन थालिएको छ ।

मारवाडी समितिको सहकार्यमा पशुपतिनाथ मन्दिर क्षेत्रमा फूलले सजावट गर्ने काम भइरहेको हो । पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलन थापाका अनुसार पशुपतिनाथ मन्दिरको मुख्यस्थललाई रङरोगन गर्न थालिएको तथा बत्तीले सजाउने काम सुरु गरिएको छ । यसैगरी पशुपति क्षेत्रका भित्तामा रङरोगन लगाउने तथा भत्किएका सिडी मर्मत गर्ने कार्य सुरु भएको सदस्य सचिव डा थापाले बताए ।

उनले भने, 'पशुपतिनाथ क्षेत्रलाई रङ्गीचङ्गीसहित सजावट गर्ने काम सुरु भएको छ, अब केही दिनमा पशुतिनाथ निकै झकिझकाउ देखिने छ ।' यसवर्ष पशुपतिनाथमा १० लाखभन्दा बढी भक्तजनले दर्शन गर्ने अनुमान समितिले गरेको छ । पशुपतिनाथ क्षेत्रमा झकिझकाउ गरिन थालिए पनि शौचालयको अभावमा समस्या हुने स्वयं कोषका कर्मचारी बताउँछन् । पशुपतिनाथ क्षेत्रमा फूलले सजावट गर्ने कार्यका लागि कम्तीमा पनि २० लाख खर्च आउने अनुमान गरिएको छ ।

यसैगरी यसवर्ष भगवान् पशुपतिनाथमा जगद्गुरु शङ्कराचार्य आउने भएपछि पशुपति क्षेत्रलाई झनै सुन्दर तथा झकिझकाउन गर्न थालिएको सदस्य सचिव डा थापाले जानकारी दिए । उनका अनुसार जगद्गुरु शङ्कराचार्य आउँदो फागुन ४ गते पशुपतिनाथमा आउने तथा यहाँ प्रवचन गर्ने कार्यक्रम तय गरिएको छ । महाशिवरात्री आउन अझै समय भए पनि अहिले नै पशुपतिमा भक्तजनको निकै चहलपहल बढ्दै गएको छ ।

पशुपतिनाथमा छिमेकी मुलुक भारतबाट साधुहरु आउने क्रम बढेको बताइएको छ । पशुपतिनाथमा बत्तीसहित विभिन्न रङ्गोगनले सजावट गरिन थालेपछि अहिले यो क्षेत्र झनै मनमोहक र आकर्षक बनेको पशुपति क्षेत्र विकास कोषका सदस्य पूर्णसङ्गम जेठाराले जानकारी दिए । महाशिवरात्रिका लागि आएका साधु र सन्तले पशुपतिका कुना कुनामा भिड बढेको छ । हङ्स मण्डप, निर्मल अखडा, भष्मेश्वर अखडा, अन्नपूर्ण भण्डारलगायत स्थानमा तीर्थ यात्रीका लागि निःशुल्क भोजनको व्यवस्था गरिएको पशुपति क्षेत्र विकस कोषले जनाएको छ ।

---

**छार्का ताङसोङ गाउँपालिका**

ཚ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།

**Chharka Tangsong Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

कागकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०७९/१०/२९**

छार्का ताङसोङ गाउँपालिका बाट मिति २०७९।०९।२२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित e-bidding सूचना बमोजिम विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरु मध्ये मिति २०७९।१०।२२ गतेका दिन खोलिएको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही भएका तल उल्लेखित बोलपत्रदाताको प्रस्ताव स्वीकृतिको लागि छनौंट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कुल कवोल अंक (VAT) सहित कन्टिजेन्सी बाहेक |
|---|---|---|---|
| CTRM/DOLPA/WORKS/NCB/01-079/80 | गाउँपालिका बाटो तटबन्धन निर्माण योजना | पुथा हिमाल कन्स्ट्रक्सन, छार्का ताङसोङ गाउँपालिका-४, डोल्पा | १,०८,३५,३२६।७३।- |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Gosaikunda Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Syafrubensi, Rasuwa**

### Invitation for Bids

**Date of Publication: 12th February, 2023**

1. **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** invites electronic bids or sealed bids from eligible bidders for the following works under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO e- GP system www.bolpatra.gov.np/egp. or **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa, email address: gosaikundapalika@gmail.com, Telephone: 010-541088**
3. A complete sets of Bidding Documents may be purchased from **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** or Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Nepal Bank Limited, Dhunche Branch, Dhunche, Rasuwa**
   **Name of Office: Gosaikunda Rural Municipality, Syafrubensi, Rasuwa**
   **Cost of Bidding Document: NRs. 3000**
   **Internal Revenue account no.: 11103000001001000001**
4. Pre-bid meeting will be held in **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** at 11:00 hrs on 02/03/2023
5. Sealed or Electronic bids must be submitted to **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syfrubensi, Rasuwa or** through PPMO's e- GP system www.bolpatra.gov.np/egp on or before **12:00 *Hrs*** on ***14th March, 2023.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00Hrs on ***14th March 2023*** at **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa.**
7. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.

| S.N | Contract ID No./ Description | Bid Security Amount (NRs) | Estimated Amount Without VAT and PS (Nrs) | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | GRM/NCB-08/2079-080 Construction of Timure Khaidi Agriculture Road | 243000 | 8599528.19 | 17:00 Hrs on 13th March, 2023 | 12:00 Hrs on 14th March, 2023 | 13:00 Hrs on 14th March, 2023 |
| 2 | GRM/NCB-09/2079-080 Langtang Habitat Conservation | 256000 | 10631050.25 | | | |

**Chief Administrative Officer**

---

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

### कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/१०/२९**

तपसिलमा उल्लिखित तपाई ऋणीहरुले यस विकास बैंकको बिभिन्न शाखा कार्यालयबाट बिभिन्न कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको यस बैंकसँग गरेको शर्त सम्झौता बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईहरु तपसिलमा उल्लिखित ऋणी, धितो जमानीकर्ता एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफुले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै धितो जमानी तथा व्यक्तिगत धनजमानी दिनेले कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखि/लेखाई दिएको बिभिन्न शीर्षकमा भएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सो को प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको लेना बांकी रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईहरुको घरघरानाको चलअचल सम्पत्तिबाट समेत असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तीनपुस्ते विवरण सहित सिफारिश गरि पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितोजमानतकर्ता, व्यक्तिगत धनजमानीकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | फोटो | व्यक्तिगत धनजमानिकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| १. | **ऋणी : फिलिपस इलेक्ट्रोनिक्स**<br>ओमसतिया वडा नं.०४, रुपन्देही<br>फर्म दर्ता नं : १५७५५/०७४/७५<br>दर्ता गर्ने कार्यलय : घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, रुपन्देही<br>स्थायी लेखा नं : ६११५७६८१५<br>**प्रोप्राईटर/जमानिकर्ता : रिता कोहार कहार**<br>ना. प्र. नं. : ३७१०७०।१२१७५<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : जय राम कहार<br>ससुरा : मनगाठु कहार<br>ठेगाना : लुम्बिनि सास्कृतिक न.पा. वडा नं.१०, हाल सिद्धार्थनगर वडा नं.१३, रुपन्देही<br>**शाखा कार्यालयः भैरहवा**<br>**कर्जा शीर्षकः सरल व्यापार अधिविकर्ष कर्जा** | | **मनगठु कहार**<br>ना. प्र. नं. : ६७३७२<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु :पर्मेश्वर कहार<br>बाजे : श्रीराम कहार<br>ठेगाना : मधुबनी गा.वि.स/उ.म.न.पा. वडा नं.०८, हाल सिद्धार्थनगर वडा नं.१३, रुपन्देही<br>**जय राम कहार**<br>ना. प्र. नं. : १११३४<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : मनगाठु कहार<br>बाजे : पर्मेश्वर कहार<br>ठेगाना : मधुबनी गा.वि.स/उ.म.न.पा. वडा नं.०८, हाल सिद्धार्थनगर वडा नं.१३, रुपन्देही<br>**राधिका कहाईन**<br>ना. प्र. नं.: ४/४६४<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : मनगाठु कहार<br>ससुरा : पर्मेश्वर कहार<br>ठेगाना : मधुबनी गा.वि.स/उ.म.न.पा. वडा नं.०८, हाल सिद्धार्थनगर वडा नं.१३, रुपन्देही | |
| २. | **ऋणी : बबिता लामा**<br>ना. प्र. नं. : ३३२०११/२८५४२<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : तुलसी कुमार स्याङतान<br>ससुरा : मेगेन्द्र कुमार स्याङतान<br>ठेगानाः निजगढ न.पा. वडा नं.०८, हाल सोही न.पा वडा नं.०८, बारा<br>**शाखा कार्यालयः निजगढ**<br>**कर्जा शीर्षकः घर कर्जा, व्याक्तिगत इक्विटी कर्जा र ओडि कार्ड कर्जा** | | **तुलसी कुमार स्याङतान**<br>ना. प्र. नं.: १६१०५<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय , बारा<br>बाबुः मेगन्द्र कुमार स्याङतान<br>बाजेः रण बहादुर स्याङतान<br>ठेगाना : निजगढ न.पा. वडा नं.०८, हाल सोही न.पा वडा नं.०८, बारा | |
| ३. | **ऋणी : आस मान लामा**<br>ना. प्र. नं. : १०७३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबुः लाल बहादुर वल लामा<br>बाजेः कृतन बहादुर वल लामा<br>ठेगाना : निजगढ गा.वि.स.वडा नं.०७, हाल निजगढ न.पा वडा नं.०८, बारा<br>**शाखा कार्यालयः निजगढ**<br>**कर्जा शीर्षक :सवारी कर्जा, व्याक्तिगत इक्विटी कर्जा र सरल अधिविकर्ष कर्जा** | | **सपना बस्नेत**<br>ना. प्र. नं.: १३५१९<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय , काठमाण्डौं<br>पति : आस मान लामा<br>ससुरा : लाल बहादुर वल लामा<br>ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं उ.म.न.पा. वडा नं.०५, हाल निजगढ न.पा वडा नं.०८, बारा<br>**बिना लामा**<br>ना. प्र. नं.: ३३३०७३/३८९<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय , बारा<br>पति : लालध्वज लामा<br>ससुरा : लाल बहादुर वल लामा<br>ठेगाना : अमलेखगंग गा.वि.स./उ.म.न.पा. वडा नं.०८, हाल निजगढ न.पा वडा नं.०८, बारा<br>**बसुन घिसिङ**<br>ना. प्र. नं.: ३३६६/६४०३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय , बारा<br>पति : लाल बहादुर वल<br>ससुरा : कृतन बहादुर वल लामा<br>ठेगाना : निजगढ नगर/गाउँ पञ्चायत वडा नं.०७, हाल निजगढ न.पा वडा नं.०८, बारा | |

नोट : यस बैंकबाट कर्जा लिई कर्जाको किस्ता तथा व्याज नियमित नबुझाउने अन्य ऋणीहरुले समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको सांवा ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो तथा व्यक्तिगत धनजमानी दिनेको तीनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरि बैंकले कर्जा असुलउपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।